
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २८५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक १६ गते बिहीबार ❑ 2 Nov. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## व्यावहारिक राजनीतिका नाममा कांग्रेसले आफ्नो सिद्धान्त नछाड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक

नेपाली कांग्रेसका वरिष्ठ नेता डा शेखर कोइरालाले व्यावहारिक राजनीतिका नाममा आफ्नो सिद्धान्तलाई कांग्रेसले छाड्न नहुने बताउनुभएको छ।

नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति कास्की क्षेत्र नं १ को प्रथम क्षेत्रीय सम्मेलनको बुधबार पोखराको लेखनाथमा उद्घाटन गर्दै नेता डा कोइरालाले भन्नुभयो- "सिद्धान्तहिन राजनीति अगाडि बढ्दा कांग्रेसका कार्यकर्तामा निराशा पैदा भएको छ। आउँदो निर्वाचनमा कांग्रेसले चुनाव एक्लै लड्नुपर्दछ, कार्यकर्ताको माग पनि त्यही छ।" नेता कोइरालाले कांग्रेस एकढिक्का भएर निर्वाचनमा जाँदा कुनै पनि



शक्तिले हराउन नसक्ने उल्लेख गर्नुभयो । अहिले कांग्रेसलाई कांग्रेसले नै हराइरहेकाले सो कार्य बन्द हुनुपर्ने उहाँको भनाइ थियो । "कांग्रेस भ्रष्टाचार मुक्त समाज बनाउन चाहन्छ, जनताप्रति उत्तरदायी भई जनताको सेवामा अगाडि बढ्न आवश्यक छ", उहाँले भन्नुभयो।

अर्थतन्त्रलाई चलायमान बनाउन सरकार र दल लाग्नुपर्नेमा जोड दिँदै नेता कोइरालाले भन्नुभयो, "महँगी नियन्त्रणमा वर्तमान सरकारले चासो दिनु जरुरी छ।

महँगी नियन्त्रणका बारेमा कांग्रेसले आवाज उठाउनुपर्दछ। वर्तमान गठबन्धन सरकारलाई निरन्तरता दिँदै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न लाग्नुपर्दछ ।" नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले कांग्रेसलाई बलियो बनाउन सकेको खण्डमा लोकतान्त्रिक गणतन्त्रको रक्षा हुने बताउनुभयो। उहाँले नेपाली जनताको विश्वास कांग्रेसमाथि भएकाले जनताको सेवामा कांग्रेस कार्यकर्ता लाग्नुपर्नेमा जोड दिनुभयो।

केन्द्रीय सदस्य गुरु बरालले कांग्रेसले गरेका काम प्रचारमा ल्याउन नसक्दा पार्टी पछाडि परेको बताउनुभयो । शिक्षा, स्वास्थ्य, सञ्चार, सडक निर्माणमा कांग्रेस सरकारको पालामा धेरै उपलव्धि भएको भनाइ उहाँको थियो। कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य शारदा पौडेल, गण्डकीका सभापति शुक्रराज शर्मा, कास्कीका सभापति किशोरदत्त बराल, कांग्रेस नेता यज्ञबहादुर थापा, कृष्ण केसीलगायतले आ-आफ्ना भनाइ राखेका थिए।

## पोखरामा पुष्प मेला आयोजना : फूलमा निर्भरता घट्दै

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक

तिहारको पूर्वसन्ध्यामा पोखरामा 'सातौँ गोदावरी पुष्प प्रदर्शनी तथा चौथो गण्डकी प्रादेशिक पुष्प मेला-२०८०' आयोजना गरिने भएको छ।

पुष्प व्यवसायको विस्तार तथा बजार प्रवर्द्धन गर्ने उद्देश्यले उक्त प्रदर्शनी मेलाको आयोजना गरिएको एशोसिएसनका अध्यक्ष डिलबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार मेलामा फूलका २०, कृषिका तीन र सूचनामूलक एक गरी २४ प्रदर्शनीकक्ष रहनेछन्। "गोदावरी फूलका विभिन्न प्रजातिका फूल र बिरुवासहित अहिलेको याममा फुल्ने सयपत्री तथा मखमली फूलको प्रदर्शनी तथा बिक्री-वितरण हुनेछ", अध्यक्ष गुरुङले भन्नुभयो, "बीस हजार बढीले पुष्प प्रदर्शनीको अवलोकन गर्ने अपेक्षा लिइएको छ ।" एशोसिएसनका पूर्वअध्यक्ष दया दुवाले 'सुन्दर नगरी पोखराको पहिचान, व्यावसायिक प्रवर्द्धनमा गोदावरीको शान' भन्ने नाराका साथ प्रदेशस्तरीय पुष्प मेला आयोजना गर्न लागिएको बताउनुभयो । मेलाबाट पुष्प व्यवसाय गर्न चाहाने किसान तथा फूलप्रति अभिरुचि राख्ने ग्राहकले प्रत्यक्ष लाभ लिने उहाँको भनाइ छ। फूलखेती र एशोसियएनले गर्दै आएका गतिविधिबारे पनि प्रदर्शनीस्थलमा जानकारी दिइने पूर्वअध्यक्ष दुवाले बताउनुभयो । "पछिल्लो समय पोखरामा पुष्प व्यवसायप्रति आकर्षण बढेको छ, नर्सरीबाट बिरुवा लगेर गाउँ-गाउँमा फूल उत्पादन गर्ने किसान पनि उत्तिकै हुनुहुन्छ", उहाँले भन्नुभयो, "पहिले ९० प्रतिशत भारतीय फूलमा निर्भर रहनुपर्थ्यो, अहिले त्यो घटेर १५-२० प्रतिशतमा पुगेको छ।" तिहारका बेला भने माग धान्न नसकिने भएकाले भारतबाट फूल आयात गर्नुपर्ने अवस्था रहेको व्यवसायी बताउँछन् । एशोसिएसनका अनुसार गण्डमी प्रदेशमा ४८ नर्सरी सञ्चालन गर्ने पुष्प व्यवसायी छन् । नर्सरीबाट बिरुवा लगेर फूल उत्पादन गर्ने किसानको सङ्ख्या भने धेरै छ।

व्यवसायी दुवाले उन्नत बीउबिजन र आधुनिक खेती प्रविधिले पुष्प व्यवसाय फस्टाउँदै गएको बताउनुभयो। उहाँले छिटो फुल्ने हुँदा किसानको आकर्षण उन्नत जातका फूलमा रहेको उल्लेख गर्नुभयो। "ढिलो फुल्ने र उत्पादन कम हुने हुँदा स्थानीय जातका फूलमा आकर्षण घट्दै गएको छ, बजारमा पनि उन्नत जातका फूलको माग बढी छ", उहाँले भन्नुभयो।

## पदमार्गलाई धुँवा र धुलोमुक्त बनाउनुपर्छ : महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक

नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पर्यटकीय पदमार्गलाई धुवाँ र धुलोमुक्त बनाउनुपर्ने बताउनुभएको छ । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको पर्यटकीयस्थल पुनहिलमा बुधबार बिहान पत्रकारसँग कुराकानी गर्दै उहाँले सडक विस्तारसँगै पर्यटन व्यवसायको आधार पैदलमार्ग मासिन थालेकामा चिन्ता व्यक्त गर्नुभयो।

"कास्कीको नयाँपुलदेखि म्याग्दीको घोडेपानी आउँदा सडकमा पर्यटकहरू धुलो खाँदै असहज रूपमा हिँडिरहेको देख्दा दुःख लाग्यो," थापाले भन्नुभयो, "नेपालको पर्यटन क्षेत्रको विशिष्टता बोकेको पदमार्ग हुन्। पदमार्गको संरक्षण गरी यात्रा सहज बनाउनेतर्फ सबै सचेत बन्नुपर्ने देखिएको छ।" पर्यटकीय क्षेत्रमा नयाँ सडक निर्माण गर्दा भएका पदमार्ग र प्राकृतिक सम्पदालाई असर नपर्ने गरी बनाउन नीतिगत पहल गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

शान्त, एकान्त वातावरण, वन पैदावार, वन्यजन्तुको संरक्षणका साथै पदमार्गलाई धुवाँ र धुलोमुक्त बनाउनुपर्ने थापाको भनाइ थियो। काठमाडौँदेखि पोखरा आएर नयाँ पुल उल्लेरी पैदलयात्रामार्फत घोडेपानी आउनुभएका थापाले नेपालीलाई विदेश भन्दा नेपालकै पर्यटकीयस्थल घुम्नुपर्नेमा जोड दिनुभयो । "स्वदेशी पर्यटक विदेश घुम्न जाने धेरै हुँदा नेपालको पैसा बाहिरिएको छ", महामन्त्री थापाले भन्नुभयो, "नेपालमै प्राकृतिक सम्पदा तथा पर्यटकीयस्थल धेरै छन्। कतिपय पर्यटकीय ठाउँ ओझेलमा छन्। ती ठाउँहरूको पहिचान, प्रवर्द्धन गरेर विदेशिने पैसा रोक्न नीतिगत रूपमा पहल गर्नुपर्ने छ।"

समुद्रि सतहदेखि तीन हजार दुई सय १० मिटर उचाईमा रहेको पुनहिलबाट धौलागिरि, गुर्जा, अन्नपूर्ण, माछापुच्छे, निलगिरि लगायतका हिमशृङ्खला, सूर्योदय, पहाडी भूगोलको अवलोकन गर्न सकिन्छ। लालीगुराँस जङ्गलको टाकुरामा रहेको पुनहिलको सौन्दर्यले आफूलाई मोहित बनाएको थापाको भनाइ थियो। घोडेपानीबाट करिब ४५ मिनेट उकालो हिँडेपछि पुनहिल पुग्न सकिन्छ । असोज/कात्तिक पर्यटकको यामका रूपमा मानिन्छ। गत वर्षको तुलनामा पर्यटक आगमन बढेपनि कोभिड अगाडिको अवस्थामा जस्तो पाहुना आउन नसकेको अन्नपूर्ण गाउँपालिकाका पूर्व अध्यक्षसमेत रहनुभएका घोडेपानीका होटल व्यवसायी डमबहादुर पुनले थापाले बताउनुभयो । उहाँले पर्यटन प्रवर्द्धनका लागि नीतिगत पहल गर्नुपर्नेमा जोड दिनुभयो।

"घोडेपानी पुनहिल अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख गन्तव्य हो । कोभिड अगाडिको छ महिनामा ३० हजार भन्दा बढी पर्यटक आएकामा यस वर्ष वैशाखदेखि कात्तिक दोस्रो सातासम्म चौध हजार मात्रै पर्यटक आएका छन्", होटल व्यवसायी थापाले भन्नुभयो । उहाँका अनुसार यहाँ २५ वटा सुविधायुक्त होटल छन्।

कोभिड अगाडि भरिभराउ हुने होटलमा आधा मात्रै पाहुना रहेका होटल टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले बताउनुभयो । महामन्त्री थापाको टोली घोडेपानीदेखि आज कास्कीको पर्यटकीयस्थल घान्द्रुक गएको छ।

## एकै दिनमा थपिए तनहुँमा एक सय बयासी डेंगु सङ्क्रमित

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ कार्तिक

तनहुँमा दैनिक डेङ्गु सङ्क्रमितको संख्या बढ्ने क्रम जारी छ । करिब दुई महिनाअघिदेखि फैलिएको डेङ्गु दैनिक फैलिँदै जाँदा अझै नियन्त्रणमा आउन सकेको छैन। मंगलबार मात्रै एक सय ८२ जना नयाँ डेङ्गु सङ्क्रमित थपिएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ।

जिल्लामा सोमबारसम्म छ हजार चार सय ८४ जना डेङ्गु सङ्क्रमित रहेकोमा वृद्धि भई छ हजार छ सय छैसठ्ठी जना पुगेको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले जानकारी दिनुभयो।

व्यास नगरपालिकामा ६० जना नयाँ सङ्क्रमित थपिएका छन् । यसअघि पाँच हजार चार सय १५ रहेको यस पालिकामा थपिएर पाँच हजार चार सय ७५ जना पुगेको छ। डेङ्गु सङ्क्रमितका कारण निजी क्लिनिक र अस्पतालमा दैनिक भीडभाड हुने गरेको छ भने कतिपय पोखरा र चितवनसम्म धाउन थालेका छन्। जिल्लाको अन्य पालिकामा शुक्लागण्डकी नगरपालिकामा चार सय ९६, ऋषिङ गाउँपालिकामा एक सय ९४, भिमाद नगरपालिकामा एक सय ८४, म्याग्दे गाउँपालिकामा एक सय १०, भानु नगरपालिकामा ८४, बन्दीपुर गाउँपालिकामा ४७, आँबुखैरेनी गाउँपालिकामा ३९, देवघाट गाउँपालिकामा २२ र घिरिङ गाउँपालिकामा नौ जना सङ्क्रमित भएका छन्। यसबाट बच्न बयस्क एडिज जातको लामखुट्टेको टोकाइबाट बच्नु नै उत्तम उपाय भएको घर वरिपरि पानी जम्न नदिने, सुत्दा झुलको प्रयोग गर्ने, पूरा बाउला भएका कपडा लगाउनेलगायतमा सतर्कता अपनाउनुपर्ने दमौली अस्पतालका प्रमुख डा परिवर्तन बरालले बताउनुभयो ।डेङ्गु सङ्क्रमित भइसकेको अवस्थामा चिकित्सकको परामर्शअनुरुप औषधि सेवन गर्ने, झोलिलो खानेकुरा प्रसस्त पिउने, फलफूल खाना र आराम गर्न उहाँले सुझाव दिनुभयो।

## पोखराको पर्यटन प्रवर्द्धन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक

होटल सङ्घ पोखराको आयोजना एवम् पोखरा महानगरपालिकाको सहयोगमा पूर्वी नेपालका प्रमुख सहरहरूमा पर्यटन प्रवर्द्धन कार्यक्रम गरिने भएको छ।

पोखरामा आन्तरिक पर्यटनलाई चलायमान बनाउने लक्ष्यका साथ 'जाउँ है पोखरा' कार्यक्रम लिएर यही कात्तिक १६ गते बिहीबारदेखि पाँचदिने अभियानसहित पर्यटन व्यवसायी, सञ्चारकर्मीको टोली पूर्वी नेपाल जान लागेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । सङ्घले दुई दशकअघि देखि नेपालभित्रका विभिन्न सहर मा 'जाउँ है पोखरा' अभियान सञ्चालन गर्दै आएको बताउँदै उहाँले तत्कालीन समयमा एक प्रतिशत मात्रै रहेको आन्तरिक पर्यटकको आगमन हालसम्म आइपुग्दा ३५ प्रतिशत पुगिसकेको जानकारी दिनुभयो । "अभियानले पोखरामात्र नभई नेपालका अन्य पर्यटकीय सहरमा पनि महत्वपूर्ण प्रभाव पारेको छ", उहाँले भन्नुभयो, "कोरोना महामारी लगायतका विभिन्न विपत्तिका कारण प्रभावित पर्यटनलाई आन्तरिक पर्यटनले विशेष योगदान पुऱ्याएको छ।" पूर्व नेपालमा गर्न लागिएका प्रवर्द्धनात्मक कार्यक्रमका क्रममा जनकपुर, विराटनगर, विर्तामोड र धनकुटामा त्यहाँका पर्यटन व्यवसायीबीच अन्तरक्रिया कार्यक्रमसमेत तय गरिएको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो।

## सहमतिका आधारमा शान्ति प्रक्रिया टुंग्याउनुपर्ने

**रासस**
काठमाडौं, १५ कार्तिक

नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले शान्ति प्रक्रिया सहमतिका आधारमा टुङ्ग्याउनुपर्ने बताउनुभएको छ । ललितपुरको च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा बुधबार एमालेले आयोजना गरेको दसैं, तिहार, नेपाल सम्वत्, छठलगायत पर्वका अवसरमा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रममा उहाँले शान्ति प्रक्रिया पीडितलाई केन्द्रमा राखेर तथा सर्वोच्च अदालतको आदेशलाई मानेर टुङ्ग्याउनुपर्नेमा जोड दिनुभयो।

"शान्ति प्रक्रियाका सम्बन्धमा अन्तर्राष्ट्रिय मानवअधिकार काउन्सिलले भनेका कुरालाई पनि ध्यान दिनुपर्दछ", उहाँले भन्नुभयो, "खासगरी पीडितलाई न्याय दिनुपर्दछ।"

अध्यक्ष ओलीले चाडपर्वका समयमा राजनीतिकरुपमा कुनै पनि टीकाटिप्पणी गर्न नहुने बताउनुभयो । "हामीबीच कहाँ कहाँ कमीकमजोरी रहेका छन् । ती कुरा निकाल्दा चाडपर्वको गरिमामा प्रतिकूल असर पर्छ ।" चाडपर्व परम्परा र सामाजिक सम्बन्धसँग जोडिएको उल्लेख गर्दै उहाँले विभिन्न सन्दर्भले चाडपर्वलाई पुष्टि गरेको बताउनुभयो।

चियापानमा कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खेल क्षेत्रमा व्यापारीकरण गर्न दिन हुन्न: मन्त्री सिंखडा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक



गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाले खेल क्षेत्रमा व्यापारीकरण गर्न दिन नहुने बताएकी छन् । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले बुधबार पोखरामा आयोजना गरेको पाँचौ साधारण सभा तथा विधान अधिवेशनमा बोल्दै उनले खेल क्षेत्रलाई व्यापारीकरण हुनबाट रोक्न नसके यो क्षेत्र पछाडि पर्ने बताइन् ।

'खेल क्षेत्रमा व्यापारीकरण गर्न दिनु हुँदैन, पत्रकारले व्यापारीकरण हुनबाट रोक्नुपर्छ, रोक्न नसके उत्कृष्ट क्षेत्र हुँदाहुँदै पनि खेल क्षेत्र पछाडि पर्छ' उनले भनिन् । खेल क्षेत्र र पत्रकारिता क्षेत्र व्यवसायीक रुपमा भने अगाडि बढ्नुपर्ने उनको तर्क छ । व्यवसायीक रुपमा अगाडि नबढ्ने हो भने यी दुवै क्षेत्रको विकास हुन नसक्ने दावी उनको थियो । 'खेल क्षेत्र र पत्रकारिताको क्षेत्र व्यवसायीक हुनुपर्छ, नत्र यी क्षेत्र कमजोर हुन्छ'उनले भनिन् । उनले नेपाल खेलकुद पत्रकार मञ्चले वर्षेनी आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्डमा बजेट अभाव हुन नदिने प्रतिवद्धता दोहोऱ्याइन् । 'बजेटमा केही छुट्यो होला, छुटेपनि सच्याउने ठाउँ छ, अवार्डमा बजेट अभाव हुन दिन्नौं' उनले भनिन् । कार्यक्रममा प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले मञ्च गण्डकीले गर्ने कार्यहरुमा परिषदले सहकार्य गर्ने बताए । मञ्चले आयोजना गर्ने अवार्ड लगायतका कार्यक्रमको लागि परिषदले सहयोग गर्ने उनको प्रतिवद्धता थियो । मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवालीले मञ्च गण्डकीले खेल क्षेत्रलाई अगाडि बढाउन योगदान दिइरहँदा पनि प्रदेश सरकार र पोखरा महानगरपालिकाले यस अगाडि छुट्याउदै आएको बजेट कटौती गरेकोमा गुनासो गरें । प्रदेश सरकार तथा स्थानीय सरकारले खेल क्षेत्रलाई प्राथमिकता नदिंदा पछिल्लो समय खेल क्षेत्रमा पोखरा पछाडि परेको दावी उनको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सीना पंगेनी, पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवन कुमार प्रजापति, पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, भुतपूर्व खेलाडी मञ्च नेपालका अध्यक्ष हरी प्रसाद पराजुली, सहारा क्लब पोखराका अध्यक्ष केशवराज बरालले बोलेका थिए । उनीहरुले मञ्च गण्डकीले गर्दै आएका कार्यक्रमले खेल क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताए । मञ्चले वर्षेनी आयोजना गर्ने पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रमले यो क्षेत्रमा अगाडि बढ्ने खेलाडी, प्रशिक्षक, खेलसंघ तथा क्लब तथा खेलकुद बिटमा कलम चलाउने पत्रकारलाई थप उर्जा थप्ने कार्य गरिरहेका उनीहरुको भनाई थियो । अवार्ड कार्यक्रमको निरन्तरताका लागि सहयोग गर्ने प्रतिवद्धता समेत उनीहरुले जनाए ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष सुरज श्रेष्ठ र कार्यक्रम सञ्चालन महासचिव राजाराम पौडेलले गरेका थिए । मञ्चको बुधबार नै सम्पन्न बन्दसत्रले महासचिव राजाराम पौडेलले पेश गरेको महासचिवको प्रतिवेदन र कोषाध्यक्ष कविता घर्तीमगरले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिवेदन सर्वसम्वत रुपमा पारित गरिएको थियो । बन्दसत्रमा मञ्चको विधान सम्बन्धमा समेत छलफल गरियो । विधान संशोधन समितिका संयोजक रञ्जन अधिकारी क्षेत्रीले प्रस्तुत गरेको विधान संशोधन प्रस्ताव र मापदण्डलाई व्यापक छलफल गरेर पारित गरिएको महासचिव पौडेलले जनाए । विधान संशोधन समितिको सदस्यमा विजय नेपाल र गणेश बराल (ढाकामोहन) रहेका थिए ।

विधान शंसोधन पश्चात मञ्च गण्डकीको कार्यसमितिको कार्यकाल तीन वर्षबाट दुई वर्षमा छोटिएको छ । यसैगरी सदस्यताको हकमा समेत केही मापदण्ड तय गरिएको छ । कार्यसमितिमा समावेशी उपाध्यक्ष र १ जना सदस्य थप गरेर १३ सदस्यीय बनाइएको छ । यी लगायत केही विधान र मापदण्ड विधान अधिवेशनबाट संशोधन गरिएको महासचिव पौडेलले खुलाए । मञ्च गण्डकीमा हाल खेलकुद बिटमा काम गर्ने ७४ जना पत्रकार आवद्ध छन् ।

# राष्ट्रिय कार्ययोजना कार्यान्वयन जिल्ला समिति कास्कीको बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले भौतिक तथा मानबिय बिकास बिना मानब अधिकारको पूर्ण प्रत्याभुति असम्भब भएको बताउनु भएको छ ।

नेपालको संविधानले आधार भुत अधिकार सहितका मानव अधिकारको पूर्ण प्रत्याभूत गरेको बिषय भएको र कास्कीका कुनै पनि नागरिक मानव अधिकारको पहुँचबाट टाढा हुन नपर्ने गरि कार्य गर्न कास्कीका सम्पूर्ण पालिका सहित सरोकारवालाहरूलाई आग्रह गर्नुभयो । पौडेलले मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन जिल्ला समिति कास्कीको मंगलबार सम्पन्न समिक्षा बैठकको अध्यक्षता गर्दै सो कुरा बताउनु भएको हो । अध्यक्ष पौडेलले दिगो बिकासको लक्ष्य प्राप्तिको आधारभुत बिन्दु नै मानव अधिकारको कार्यान्वयनबाटै शुरु हुने हुँदा मानव अधिकार उल्लंघनका गुनासा सुन्नु नपर्ने गरि कार्यगर्न आग्रह गर्नुभयो। मानव अधिकार मैत्री नीति नियम ऐन कानुनको पूर्ण कार्यान्वयनमा कुनै कसर बाकी नराख्न पौडेलले आग्रह गर्नुभयो । न्युनतम मानव अधिकारको प्रत्याभुती बिना हुने बिकासले कुनै अर्थ नराख्ने भन्दै समतामूलक समाज बिकास र ब्यक्ति, समाज र राष्ट्रको सर्बाङ्गिण बिकासमा मानव अधिकार महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी बासुदेब घिमिरेले सबै सरकारी र गैरसरकारी संस्थाहरूले आ-आफ्नो बिषयगत जिम्मेवारी पूरा गरेमा कार्ययोजनाको लक्ष्य पूरा हुने भन्दै सबै सरकारी निकाय यसमा गम्भीर रहेको उल्लेख गर्नुभयो ।नागरिकका मानव अधिकार उल्लंघनमा हुने कुनैपनी घटना क्षौम्य नहुने उहाँको भनाइ थियो । नतिजामुखी कार्य टड्कारो आबश्यकता भएको भन्दै राज्यको उपस्तिथि प्रभाबकारी देखिने गरि काम गर्न आग्रह गर्नुभयो। बैठकमा कास्कीका पाँच ओटा पालिका सहित सदस्य रहेका सरकारी तथा गैरसरकारी सदस्य संस्थाहरूले कास्कीमा मानव अधिकारको अबस्था, कमिकमजोरी र सुधारका उपायका सम्बन्धमा प्रतिबेदन पेश गरेका थिए ।

मानव अधिकार सम्बन्धि पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन जिल्ला समिति कास्कीका संयोजक तथा जिल्ला समन्वय समितिकाका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न बैठकको संचालन जिल्ला समन्वय अधिकारी नबराज बरालले गर्नुभएको थियो ।

# गण्डकी प्रदेशस्तरिय राष्ट्रपति कप रनिङ सिल्ड हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक



गण्डकी प्रदेशस्तरिय राष्ट्रपति कप रनिङ शिल्ड प्रतियोगिता आगामी पुष २६ देखि २८ सम्म गते देखि हुने भएको छ ।

गण्डकी प्रदेशस्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजक समितिको बुधबार पोखरामा बसेको बैठकले उक्त निर्णय गरेको हो । प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माको अध्यक्षतामा बसेको बैठकले पुषको दोश्रो साता सम्म सबै जिल्लास्तरिय प्रतियोगिताहरु सम्पन्न गर्ने गरि निर्णय समेत गरेको छ । उक्त प्रतियोगिता आयोजना गर्नका लागि स्थान तय गर्न सदस्य सचिब शर्माको संयोजकत्वमा एक कार्यदल गठन गरिएको छ ।

उक्त प्रतियोगिताका लागि ११ वटै जिल्लाबाट जिल्लास्तरिय रनिङ शिल्डबाट विजेता खेलाडी तथा टिमको सहभागिता रहने छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत विभिन्न ६ खेलहरु हुनेछन् । प्रतियोगिता मार्शल आर्ट खेल तर्फ छात्र/छात्रा तेक्वान्दो, उशु र कराँते हुनेछन् भने टिम गेमतर्फ छात्र/छात्रा कबड्डी, भलिबल र एथलेटिक्स खेलहरु सञ्चालन हुने प्रावधान रहेको छ । यस वर्ष मार्शल आर्ट खेलमा केही इभेन्ट थप गरिएको छ भने टिम गेममा समेत एक-एक जना खेलाडी थप गरिएको छ । प्रतियोगिता सम्पन्न गर्न संघिय सरकारबाट हरेक पालिकाहरुलाई एक-एक लाख, गण्डकी प्रदेशका ११ जिल्लाहरुलाई कुल ४३ लाख र गण्डकी प्रदेशस्तरियका लागि २२ लाख बजेट बिनियोजन गरेको छ भने गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ का लागि थप २५ लाख बजेट विनियोजन गरेको सदस्य सचिब शर्माले जानकारी दिएका छन् । सम्पन्न बैठकमा जिल्ला खेलकुद विकास समितिका अध्यक्षहरु, विभिन्न ६ खेलका पदाधिकारीहरु तथा प्रतिनिधीहरु, आयोजक समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# नेपाली क्रिकेट टोली विश्वकपमा छनोट भए १५ लाख दिइने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ कार्तिक

नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले आइसिसी ट्वान्टी २० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको खेलमा नेपाल फाइनलमा पुगेमा राष्ट्रिय क्रिकेट टोली र अफिसियलाई प्रोत्साहनस्वरुप रू १५ लाख दिने घोषणा गरेको छ ।

अस्पतालका प्रमुख कार्यकारी अधिकारी डा भोगेन्द्रप्रसादद्वारा आज जारी प्रेस विज्ञप्तिमा राष्ट्रिय क्रिकेट टिम र अफिसियलाई एकमुष्ट रू १५ लाख दिने उल्लेख गरिएको छ । अस्पतालले उक्त प्रतियोगिताको फाइनल खेलमा पनि नेपाल विजयी भएमा थप रू पाँच लाख प्रदान गर्ने विज्ञप्तिमा जनाएको छ । नोबेल मेडिकल कलेज टिचिङ अस्पतालका पूर्वअध्यक्ष तथा प्रबन्ध निर्देशक र हाल मोरङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य डा सुनिलकुमार शर्माको अगुवाइमा उक्त अस्पतालले खेलाडीहरूलाई निःशुल्क एवम् सहुलियत शुल्कमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ । नेपालमा क्रिकेट खेलको विकासमा सानो भए पनि सहयोग पुगोस् र खेलाडीमा हौसला प्रदान होस् भनेर सो प्रोत्साहन रकमको व्यवस्था गरिएको सांसद डा शर्माले बताउनुभयो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान र माथिल्लो मूलपानी क्रिकेट मैदानमा भइरहेका उक्त प्रतियोगितामा नेपाल सेमिफाइनलमा पुगेको छ । नेपालले पहिलो खेलमा सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै विजयी भएको थियो भने दोस्रो खेलमा मलेसियालाई ६ विकेटले हराएउँदै सेमिफाइनलमा पुगेको हो ।

अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने ट्वान्टी २० विश्वकपको अन्तिम छनोटमा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गरिरहेका छ्न । जसमा प्रतियोगिताबाट शीर्ष दुई टोली विश्वकपको लागि छनोट हुनेछन् । नेपाल समूह 'ए'मा परेको छ । नेपालको समूहमा सिङ्गापुर, मलेसिया र ओमान छन् । त्यस्तै समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, बहराइन र कुवेत छन् । नेपालले अब आफ्नो तेस्रो खेल भोलि ओमानसँग खेल्नेछ ।

# सहमति ...

कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल र डा बाबुराम भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, विभिन्न पार्टीका शीर्ष नेता, कूटनीतिक नियोगका प्रमुख, संवैधानिक परिषद्का पदाधिकारी, कर्मचारी, सर्वसाधारणलगायतको सहभागिता रहेको थियो । सहभागीलाई एमाले अध्यक्ष ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले स्वागत गर्नुभएको थियो । पार्टीका तत्कालीन अध्यक्ष एवं पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीले २०५२ सालदेखि चियापानको आयोजना गर्नुभएको हो । त्यसपछि एमालेले नियमितरुपमा हरेक वर्ष दसैं र तिहारकाबीचमा शुभकामना तथा चियापान कार्यक्रम आयोजना गर्दै आएको छ ।


गत वर्ष प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका कारण चियापान कार्यक्रम आयोजना गरिएको थिएन ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# पर्यटन क्षेत्रमा जगाएको आशा

नेपालको पर्यटन क्षेत्रमा आशावादी हुने ठाउँ देखिएको छ । कोभिड १९ पछि ओरालो लागेको नेपालको पर्यटन क्षेत्रमा राम्रो सन्देश अक्टोबर महिनाले दिएको छ । अक्टोबर महिनामा नेपालमा सबैभन्दा धेरै पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार अक्टोबरमा एक लाख १७ हजार ३०६ पर्यटक नेपाल आएका छन् ।

एक महिनामा नेपाल भित्रिएको पर्यटक इतिहासकै सबैभन्दा धेरै हो । यसअघि सन् २०१९ को अक्टोबरमा एक लाख १३ हजार ८१६ पर्यटक नेपाल आएका थिए । विश्वभर फैलिएको कोरोना महामारीका कारण सन् २०२० को अक्टोबरमा एक हजार ८३१ पर्यटक नेपाल आएका थिए । २०२१ को अक्टोबरमा १५ हजार ७१५ र सन् २०२२ को अक्टोबरमा ५२ हजार १२१ पर्यटक नेपाल आएको पर्यटन बोर्डले जनाएको छ । बोर्डको तथ्यांक हेर्दा पर्यटक आगमनमा उत्साहजनक देखिएको छ । नेपालका हिमश्रृङ्खला देखि सांस्कृतिक सम्पदा र साहसिक पर्यटनको लागि नेपाल उपयुक्त छ भन्ने सन्देश जानू पर्यटन क्षेत्र सुधार हुँदैछ भन्ने उदाहरण हो ।

अक्टोबरमा सबैभन्दा धेरै भारतबाट पर्यटक आएका छन् । भारतबाट १८ हजार ४८० पर्यटकले नेपाल भ्रमण गरेका छन् । भारतपछि सबैभन्दा धेरै अमेरिकाबाट १४ हजार ८७९ पर्यटक नेपाल आएका छन् । यस्तै, तेस्रो मुलुक बेलायत रहेको छ । बेलायतबाट आठ हजार २१७ पर्यटक नेपाल आएका छन् ।

चौथो स्थानमा रहेको चीनबाट ६ हजार ८८० पर्यटक नेपाल आएका छन् । अष्ट्रेलियाबाट ६ हजार ७५, जर्मनीबाट पाँच हजार ९१६, फ्रान्सबाट पाँच हजार २७१, बंगलादेशबाट चार हजार २९२, श्रीलंकाबाट दुई हजार ५०७ र इटलीबाट दुई हजार ४६७ पर्यटक नेपाल आएको बोर्डले जनाएको छ । नेपालमा वायुसेवा सस्तो र युरोपबाट सिधा उडान हुने वातावरण बनाउन सके पर्यटक बढ्छन भन्ने स्पष्ट भएको छानेपाली वायुसेवा कम्पनीले नियमित र भरपर्दो सेवा दिन सक्ने अवस्था बनाउन सरकारको चासो हुनुपर्छ । सरकारले निजी क्षेत्रलाई विश्वासमा लिएर पर्यटन क्षेत्रमा सरकारको लगानी बढाउन सक्नुपर्छ । संयुक्त राष्ट्रसंघ महासचिव एन्टिनो गुटरेसको नेपाल भ्रमणका बेला सगरमाथा र अन्नपूर्ण आधार शिविरमा भएको भ्रमणले पनि पर्यटन क्षेत्रमा सुधार ल्याउने निश्चित छ । सरकारले सबै क्षेत्रको सहयोग र समन्वयमा पर्यटनका लागि पुर्वाधार र सुरक्षामा ध्यान पुर्याउनु जरुरी छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# सत्तरी दिनमै सयपत्री फूल तयार



**पोखरापत्र संवाददाता**
तनहुँ, १५ कार्तिक

तनहुँको आँबुखैरेनी गाउँपालिकामा रोपेको ७० दिनमै सयपत्री फूल बिक्रीका लागि तयार भएको छ । यहाँका दुई महिला समूहले लगाएको सयपत्री फूल बिक्रीका लागि तयार भएको हो ।

गाउँपालिकाको सहयोगमा दुई ठाउँमा पहिलो पटक सयपत्री फूलखेती सुरु गरिएको थियो । आँबुखैरेनी-१ यान्चोक आमा समूहमार्फत १२ रोपनी तथा आँधीमूल आमा समूहमार्फत सात रोपनीमा सयपत्री फूलखेती गरिएको थियो । दुवै समूहलाई फूलको बिरुवा उपलब्ध गराएको गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीले जानकारी दिनुभयो । गत साउन २० गते यान्चोकमा १२ हजार र आँधीमूलमा आठ हजार बिरुवा रोपिएका थिए ।

"सयपत्री फूल फुलेपछि टिप्न थालिएको छ । अहिले फुलेको सयपत्री मङ्सिरसम्म टिप्न सकिन्छ", उहाँले भन्नुभयो । सयपत्री फूल हाल प्रतिकिलो रु दुई सयका दरले बिक्री भइरहेको छ । एउटा माला रु ८० सम्ममा बिक्री हुने गरेको छ । यस वर्ष रु १० लाखको फूल बिक्री हुने अनुमान गरिएको छ ।

स्थानीयस्तरमा हुने कार्यक्रममा पनि सयपत्री फूलको माला प्रयोगमा जोड दिने गाउँपालिकाका अध्यक्ष शुक्र चुमान बताउनुहुन्छ । उहाँले भन्नुभयो, "पालिकाभित्र हुने हरेक कार्यक्रममा कृत्रिम फूललाई विस्थापित गर्छौं, यहीँ उत्पादित फूललाई प्रयोगमा ल्याउँछौं ।" गाउँपालिकाले अध्यक्षसँग कृषि विकास कार्यक्रमअन्तर्गत महिलालाई फूलखेतीमा आकर्षण गर्न सयपत्री फूलखेती कार्यक्रमलाई अगाडि बढाएको हो । घरायसी काममा व्यस्त रहँदै आएका महिलालाई आयआर्जनमा जोड्न यो कार्यक्रम ल्याइएको अध्यक्ष चुमानको भनाइ छ ।

यहाँ फूलखेती सुरु गरिए पछि बाहिरबाट खरिद गरेर ल्याउनुपर्ने अवस्थाको अन्त्य हुने यान्चोक आमा समूहकी अध्यक्ष सुनिता आले मगरले बताउनुभयो । उहाँले भन्नुभयो, यस्तै आँधीमूल आमा समूहकी अध्यक्ष ललिता मगरले घरायसी काममा व्यस्त रहँदै आएका महिलालाई आबद्ध गराई फूलखेती थालिएको बताउनुभयो ।

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिका वडा नं. ८ साविक बहाकोट गा.वि.स. वडा नं. ९ निवासी भारतीय सेनाका भु.पू. सैनिक नं. JC ६२९१८९ का सुबेदार हनेरी क्याप्टेन खमन बहादुर खाँण भन्ने खमन बहादुर शाही तथा विष्णु मया खाँण भन्ने विष्णु कुमारी शाहीको छोरी शारदा खाँणको मिति वि.सं. २०८०/०७/१२ गतेका दिनसम्म अविवाहित रहेको भन्ने व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडाको च.नं. ३०३ मिति २०८०/०७/०२ गतेको पत्रबाट लेखी आएकोले सोही व्यहोरा सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



पोखरा उ.म.न.पा. वडा नं. १५ निवासी विष्णुमाया दुरा (गुरुङ) को मिति २०६९।४।२४ को दरखास्त साथ संलग्न कागजात तथा सम्बन्धित वडा कार्यालयबाट भई आएको सिफारिश समेत अनुसार निजले प्राप्त गर्नु भएको नेपाली ना. प्र. पत्रमा निजको नाम थर विष्णुमाया दुरा (गुरुङ) तथा जन्म मिति २०११।१।५ भएको, निजको पति भारतीय सेनाका भू.पू. सै.नं. ५४४८२७५ एन का नायक गोबिन्द दुरा (गुरुङ) को भारतीय सैनिक पारिवारिक अभिलेखमा निजको नाम थर नौलिमाया गुरुङ तथा जन्म मिति इ.सं. २१।०६।१९६२ भएकोले उल्लेखित फरक/फरक नाम तथा जन्म मिति भएको एकै व्यक्ति हुनु भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा उ.म.न.पा. पोखराको च.नं. १६०७ मिति २०६९।४।२४ को सिफारिसपत्र र जिल्ला प्रहरी कार्यालय कास्कीको च.नं. ७०७ मिति २०६९।४।२९ को प्रहरी मुचुल्का पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# पढाउन छाडेर कृषिकर्म गर्दा...

**नारायण विक / रासस**
स्याङ्जा, १५ कार्तिक

स्याङ्जाको वालिङ नगरपालिका-५ पित्लेकका हुमनाथ लामिछानेले जिल्लामा सफल किसानको पहिचान बनाउ सफल हुनुभएको छ । उहाँद्वारा सञ्चालित पित्लेक कालिका कृषि फार्म पछिल्लो समय अध्ययन, अवलोकन र अनुसन्धानको उत्कृष्ट थलो बनेको छ । दुई दशकअघि गाउँकै वयोवृद्धा यज्ञप्रसाद लामिछानेको प्रेरणा पाएपछि शिक्षण पेसा बीचमै छाडेर हुमनाथ व्यावसायिक तरकारी खेतीमा लाग्नुभएको थियो ।

उहाँले गोलभैँडा, काउली, बन्दा, काँक्रो, सिमी, बोडी, अकबरे खुर्सानीलगायतका तरकारी फलाउँदै आउनुभएको छ । उहाँको फार्ममा पाँच सय ५० बोट सुन्तला, तीन सय बोट कफी, १८ घार माहुरी र गड्यौलासमेत छन् । उहाँले फार्मबाट वार्षिक रु १२ लाखको कृषि उपज बिक्री हुने गरेको जनाउँदै खर्च कटाउँदा रु आठ लाख बचत गर्ने गरेको दाबी गर्नुभयो । उहाँले गड्यौलाबाट उत्पादित मल भने आफ्नै तरकारी बारीमा प्रयोग गर्दै आउनुभएको छ ।

किसान हुमनाथले स्थानीय बजार र पोखरामा यहाँ उत्पादित कृषि उपज बिक्री गर्दै आउनुभएको छ । उहाँले आफ्नो छोरा सन्तोषलाई पनि कृषि पेसामै स्थापित गराउने उद्देश्यले हरेक काममा सरिक बनाउँदै आउनुभएको छ । "विसं २०६२ मा आइपीएम तालिम लिएपछि व्यवसायलाई अझ व्यवस्थित बनाउँदै अगाडि बढैं", उहाँले भन्नुभयो, "हालसम्म सात जति तालिम तथा प्रशिक्षण लिएको छु, एक-दुईहप्ते तालिमले भन्दा पनि मेरो कृषि कर्मप्रतिको लगाव, निरन्तर, प्रयोग र अभ्यासले मलाई पूर्ण बनाएजस्तो लाग्छ ।"

पित्लेकमा २६ र खहरेमा १० गरेर उहाँले कुल ३६ रोपनी क्षेत्रफलमा कृषि व्यवसाय गर्नुभएको छ । उहाँको सात स्थायी टनेल छन् । फार्मभित्र जङ्गली जनावर नपसुन् भनेर फलामे तारबारसहित कम्पाउण्ड घेरिएको छ । पानी सङ्कलन गर्ने पोखरी पनि छ । वालिङ नगरपालिका-१ खहरेमा समेत दुईवटा टनेल छन् । उहाँसँग हातेट्र्याक्टर, पावर स्प्रे, स्प्रेलगायतका आधुनिक उपकरण छन् । उहाँले गएको वर्ष ५० क्वन्टिल सुन्तला बिक्री गरेर रु तीन लाख, तीन सय किलो कफी उत्पादन गरेर रु ३५ हजार र ९० लिटर मह उत्पादन गरेर रु एक लाख ५० हजार आम्दानी गरेको बताउनुभयो । रु चार लाख लगानीबाट सुरु भएको लामिछानेको लगानी बढेर अहिले रु २५ लाख पुगेको छ । "सडकको अभावमा पहिले-पहिले दुई घण्टा लगाएर डोकोमा तरकारी बेच्न त्रियासी पुग्नुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "अहिले सडक बनेपछि उत्पादित सामान बजार पुर्‍याउन सहज भएको छ । हुमनाथले आफूले गरेको व्यवसायबाट सन्तुष्ट रहेको बताउनुभयो । "गुणस्तरीय सामान उत्पादन गर्नेलाई बजारको कुनै समस्या छैन, उत्पादन गर्न सके बजारमा गाउँको अर्ग्यानिक तरकारी भनेपछि खोसाखोस हुन्छ", उहाँले थप्नुभयो, "नाफाघाटा नहेरी बाह्रै महिना तरकारी फलाउने योजनासहित लाग्न सकेमा व्यवसाय टिकाउन सकिन्छ, विस्तारै उत्पादित सामग्रीको पनि उचित मूल्य पाउन सकिन्छ ।"

उहाँले बाली विज्ञान पढिरहेका विद्यार्थी आफ्नो फार्ममा बसेर अध्ययन अवलोकन गर्ने गरेको जिकिर गर्नुभयो । "स्याङ्जासहित बाहिरी जिल्लाका विभिन्न कृषकसहित व्यक्ति मेरो फार्म हेर्न आउनुहुन्छ, मलाई हौसला दिएर जानुहुन्छ", उहाँले खुसी व्यक्त गर्नुभयो, "यसरी मानिस मेरो कर्म हेर्न आउँदा मलाई आत्मसम्मान र आत्मगौरव मिलिरहेको छ ।"

उहाँले आफूलाई कृषि ज्ञान केन्द्र स्याङ्जाले तरकारी खेती गर्ने जिल्लाकै उत्कृष्ट कृषकका रूपमा पुरस्कारका लागि गण्डकी प्रदेश सरकारमा सिफारिस गरेको जानकारी दिनुभयो । उहाँले कृषि ज्ञान केन्द्रबाट हालसम्म रु १५ लाख बराबरको अनुदानसमेत पाउनुभएको छ । छोरा सन्तोषले भारतीय तरकारीले ठूलो 'भोल्युम'मा तरकारी खेती गर्ने नेपाली किसान मारमा परेको दाबी गर्नुभयो । "हामीले स्थानीय बजारलाई लक्षीत गरेर ठूलो 'भोल्युम'मा तरकारी उत्पादन गरेका हुन्छौँ, उत्पादन लागत बढी पर्ने हुँदा हाम्रो तरकारी थोरै महँगो हुन्छ", उहाँले भन्नुभयो, "हाम्रो तरकारी बजारमा पुग्दा ठीक त्यही समय भारतीय तरकारी सस्तोमा बजारमा आउँछ, अनि नेपाली किसानले प्रतिस्पर्धा गर्न सक्दैनौँ ।" सन्तोषले सिँचाइका लागि पानी प्रशस्त नभएको गुनासो गर्नुभयो । हरेक किसानलाई उद्यमीका रूपमा विकास गर्न सरकारसँग उहाँको माग छ । उद्यमी किसानलाई उद्योगसँग जोड्न सकेमा मात्र कृषि व्यवसाय दिगो हुने सन्तोषको विश्वास छ । किसानलाई उत्पादन किलोका आधारमा अनुदान दिन सकेमा वास्तविक किसान मारमा नपर्ने उहाँको तर्क छ । हुमनाथलाई श्रीमती सीता, छोरा सन्तोष, ख्यामराज र सुमन, बुहारी सङ्गीताले काममा सघाइरहनुभएको छ ।

# पर्यटन मार्गले बदल्यो उत्तरी गोरखाको स्याला गाउँ

**पोखरापत्र संवाददाता**
गोरखा, १५ कार्तिक

गोरखा जिल्लाको उत्तरी भागमा रहेको चुमनुर्बी गाउँपालिका-२ मा पर्छ स्याला गाउँ । पर्यटन मार्ग सञ्चालन भएपछि स्याला गाउँ बदलिएको छ । आजभन्दा १२ वर्षअगाडि स्याला गाउँमा तीते फापर र कोदो फलाउने स्थानीयहरूले हाल होटल व्यवसाय सञ्चालन गरेर आर्थिक आयआर्जन गरिरहेका छन् ।

हाल उत्तरी गोरखाको लार्केपास पुग्न गोरखाको माछिखोलाबाट पैदलयात्रा गर्नुपर्ने हुन्छ । विस्तारै हिँड्ने हो भने चार दिनपछि स्यालागाउँ पुगिन्छ । स्याँलागाउँबाट चारैतिर हिमाल देखिने भएकाले आन्तरिक तथा बाह्य पर्यटक एक रात स्यालागाउँमा बास बसेर सामागाउँ पुग्छन् । स्थानीयवासीका अनुसार, धेरै वर्षपहिले स्यालागाउँमा चौँरी चराउन र आलु उत्पादन गर्नलाई वर्षातको समयमा बस्ने गरिन्थ्यो । बाँकी हिउँदको समयमा स्थानीयवासी ल्हो गाउँमा बसोबास गर्ने गर्थे । जब २०६८ सालमा पर्यटन मार्ग सुञ्चालन भयो त्यसपछि स्यालागाउँका स्थानीयवासीले क्याम्पिङ गर्ने पर्यटकलाई चिया पसल सञ्चालन गरेर सेवा दिएका थिए ।

बिस्तारै बाह्य पर्यटकहरूको आगमनमा वृद्धि हुन थालेसँगै स्यालागाउँका स्थानीयले होटल व्यवसाय सञ्चालन गरे । अहिले काठले छाएका पुराना घरहरूसँगै टिनले छाएका नयाँ आकर्षक घरहरू बनेका छन् । सुविधायुक्त होटलहरू सञ्चालनमा आएका छन् । मोटो रकम लगानी गरेर होटल सञ्चालन गरेका होटल व्यवसायीहरूको पीडा फेरि आफ्नै छ । पर्यटन मार्ग सुरु भएर पर्यटकहरूको आगमनमा वृद्धि हुने बित्तिकै २०७२ सालको भूकम्पले पर्यटन व्यवसयलाई धरापमा पारिदियो । मोटो रकम लगानी गरेर होटल सञ्चालन गरेर घाटामा जानु परेको होटल व्यवसायीहरूको दुःखेसो छ । भूकम्प र लकडाउनका कारण पर्यटन व्यवसाय खस्केको चुमनुर्वी गाउँपालिका-२ का निवर्तमान वडाअध्यक्ष पेम्बा रेता बताउनुहुन्छ । उहाँले भन्नुभयो, "व्यवसाय सञ्चालन गरेको बेला भूकम्पले ठप्प बनायो । भूकम्पपछि उठेको पर्यटन व्यवसाय फेरि पनि लकडाउनले ठप्प बनायो । लगानी गरेका धेरै व्यवसायीहरू डुबेका छन् । अहिले बिस्तारै फेरि पर्यटन व्यवसायमाथि उठ्दैछ ।" पर्यटन व्यवसायले स्याला गाउँको मात्र आर्थिक आयआर्जनलाई फाइदा नगरेर देशको आर्थिक वृद्धि हुने हुँदा राज्यले पर्यटन व्यवसायलाई ध्यान दिनुपर्ने स्थानीयहरूको भनाइ छ । बाह्य पर्यटकहरूलाई सरकारले धेरै कर लगाउने र एउटै मार्गमा पनि ठाउँठाउँमा शुल्क तिराउने भएकाले बाह्य पर्यटकहरू घट्न सक्ने चुमनुर्बी-२ का वडा निवर्तमान अध्यक्ष पेम्बा रेताको भनाइ छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला पुतलीबजार नगर पालिका वडा नं. ८ साविक बहाकोट गा.वि.स. वडा नं. ९ निवासी भारतीय सेनाका भू.पू. सैनिक नं. JC ६२९१८९ का सुबेदार हनेरी क्याप्टेन खमन बहादुर खाँण भन्ने खमन बहादुर शाही तथा विष्णु मया खाँण भन्ने विष्णु कुमारी शाहीको छोरी शारदा खाँणको नेपाली नागरिकताको प्रमाणपत्रमा सोही नामथर तथा जन्ममिति वि.सं. २०४०/०३/०७ (सन् १९८३-०६-२१) कायम भएको र निजको पिताको भारतीय सैनिक अभिलेखमा नामथर शारदा शाही (Sarda Sahi) तथा जन्ममिति वि.सं. २०३८/०४/१० (सन १९८१/०७/२५) कायम भई फरक परेतापनि उक्त दुई नामथर तथा दुई जन्म मिति कायम भएको व्यक्ति एउटै भएको भन्ने व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडाको च.नं. ३०० मिति २०८०/०७/१२ गतेको पत्रबाट लेखी आएकोले सोही व्यहोरा सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

